# नौगाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:- २०७९/०८०

च.नं.:-

मितिः- २०८०/०३/१९ गते

## हार्दिक अपिल

आदरणीय नौगाड बासी आमाबुवा, दाजुभाई तथा दिदीवहीनीहरु ! सधै झै यस बर्ष २०८० मा पनि मनसुन जन्य वर्षा, बाढी पहिरोको समय शुरु भइ सकेको छ । कहिले वर्षा ऋतुको शूरमै त कहिले अन्ततिर बाढी पहिरोको चपेटामा नौगाड गाउँपालिका पर्ने गरेको कुरा सर्वविदितै छ । हरेक वर्ष आउने बाढी पहिरोजन्य विपदबाट ग्रसित हाम्रो गाउँपालिका यस वर्ष पनि सुरक्षित राहला भन्न सकिँदैन । गत वर्ष भदौको अन्तिम साता आएको भीषण वर्षा, बाढी र पहिरोबाट ३ जनाले ज्यान गुमाउनुका साथै ठूलो भौतिक क्षति भएकोले यस वर्षको मनसुनजन्य विपदबाट बच्न खोला, नदी किनारा, भीरपाखा बाढी पहिरोको संभावना भएको जोखिमयुक्त ठाउँहरुमा नजान पूर्व जानकारी गर्न चाहन्छुँ । विपद् नितान्त प्राकृतिक घटना भएकोले मानिसको नियन्त्रणमा नभएको र पूर्व जानकारी पनि नहुने भएकोले विपदबाट बच्न पूर्व सतर्कता अपनाउन, विपद् (बाढी पहिरो) सम्भावित क्षेत्रमा नजान हार्दिक अनुरोध गर्दछुँ । साथै मानिस आफ्ना असीमित आकांक्षा पूरा गर्न र आफ्नो कर्तव्यमा अहोरात्र खटिएको समयमा पनि विपदमा परी मानिसको ज्यान गएका कयौं घटनाहरु भएका छन् त्यसकारण आफ्नो नियमित काम गरि रहँदा र कार्य स्थलमा जाँदा पनि विशेष ख्याल गर्न अनुरोध छ । वर्षातको समयले विपदलाई पर्खि रहेको हुन्छ त्यसकारण कहिं कुनै ठाउँमा विपदका घटना भइहालेमा गाउँपालिकाको विपद् शाखा, नजिकको प्रहरी चौकी तथा जनप्रतिनिधिहरु, गाउँ समाजका अगुवा जानकार व्यक्तिहरुलाई सम्पर्क गर्न हुन समेत अनुरोध गर्दछुँ ।

दलजीत सिह धामी
अध्यक्ष

अध्यक्ष
नौगाड गाउँपालिका